# हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड

## सत्रौं र अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०२/१४

यस कम्पनीको मिति २०८३/०२/१३ गते बसेको संचालक समितिको ५६ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको सत्रौं र अठारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : २०८३/०३/०४ गते

समय: बिहान १0:00 बजे

स्थान : सेलिब्रेशन हाईट, सुकेधारा, काठमाडौ ।

**२. छलफलको विषयः**

**क) सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने संलग्न आ. ब. २०८०/०८१ र २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सो प्रतिवेदनलाई पारित गर्ने सम्वन्धमा ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.ब. २०८०/८१ र २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अनुसुचीहरु माथि छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३. आगामी आ. व. २०८२/८३ को लेखा परिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने एवं पारीश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी**

१) सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले प्रवेश-पत्रका साथै आफ्नो परिचय खुल्ने (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) कागजात अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन । कम्पनीको वार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पठाउने र कम्पनीको आधिकारीक वेभसाइट www.himaldolakhahydropower.com मा प्रकाशन गर्ने व्यवस्था मिलाईएको छ । कुनै कारणवश उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको कार्यालय कालोपुल, काठमाडौ वा कम्पनीको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेडको कार्यालय, नक्साल काठमाडौवाट प्राप्त गर्न सक्नुहुनेछ ।

२) सभामा भाग लिन प्रतिनिधी(प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीभावहरुले रितपूर्वकको प्रतिनिधि-पत्र (प्रोक्सी) दिई नियुक्त गर्नु पर्नेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा २४ घण्टा अगावै प्रतिनीधिपत्र कम्पनीको कार्यालय, कालोपुल, काठमाडौमा बुझाई सक्नुपर्नेछ । प्रतिनिधी(प्रोक्सी)नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भएतापनि त्यस्तो प्रतिनिधीपत्र स्वतः बदर हुनेछ ।

३) संयुक्त रुपमा शेयर खरिद गरेको अवस्थामा शेयरधनीको दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिनपाइने छ ।

४) सभामा भागलिने प्रत्येक शेयरधनी महानुभावले सभाहुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका विहान ९:०० बजेदेखि खुल्ला रहनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर लिएको भए त्यस्तो संस्था वा कम्पनीले अधिकार प्रदान गरेको प्रतिनिधीले शेयरधनीको हैसियतले सभामा भाग लिन पाउने छ ।

५) वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०२/२१ गते १ दिन कम्पनीको शेयर दाखिल खारेज वन्द रहने छ ।

६) साधारण सभा सम्बन्धी अन्य जुनसुकै किसिमको जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय कालोपुल, काठमाडौको फोन नं. ०१-४५६२८४४ वा शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेडको कार्यालय, नक्साल काठमाडौमा सम्पर्क गर्न सकिनेछ ।

**हिमाल दोलखा हाइड्रोपावर कम्पनी कम्पनी लिमिटेड,**

**फोन नं : ०१-४५६२८४४, Email : hydrohimaldolkha@gmail.com**